# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं.:- ५/०८०/०८१
चलानी नं. :- ६०३

मिति :- २०८०/०८/१०

विषय :- विवरण तयार गरी पठाउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,(१ देखि ११)
मिथिला नगरपालिका, धनुषा ।

उपरोक्त विषयमा राष्ट्रिय भूमि आयोगको प.स.२०८०/०८१ च.नं. १५५ र १५६ मिति २०८०/०५/३१ गतेको आयोगको निर्णय कार्यान्वयन पठाइएको सम्बन्धी पत्रको छायाँकापी यसै साथ संलग्न छ । व्यहोरा सोहीबाट अवगत गर्नु भै माग भए वमोजिमको जग्गाको विवरण तयार गरी पत्र पाएको मितिले ७(सात) दिन भित्र पठाई आयोगको कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

८.१०

बसन्त न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ**
श्री राष्ट्रिय भूमि आयोग,
ताहाचल, काठमाडौं ।
श्री राष्ट्रिय भूमि आयोग,
जिल्ला समिति धनुषा ।

"हाम्रो मिथिला हाम्रो शान; समृद्ध नगर हाम्रो अभियान"
वेब साइट : www.mithilamun.gov.np
ईमेल नं. mithilamunicipality81@gmail.com सम्पर्क नं. ९७७-०४१-५६००४६

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

☎ ०१-५३१३९३२
५३१३९३५
५३१३९३६
टोल फ्री नं.: १६६००१३५४४४
वेबसाइट: www.nlc.gov.np
इमेल: info@nlc.gov.np

पत्र संख्या:- २०८०/८१
चलानी नं.:- १५५

ताहाचल, काठमाडौं ।
मिति: २०८०।०५।३१

श्री स्थानीय तहहरू,
सबै।
श्री राष्ट्रिय भूमि आयोग,
जिल्ला समिति (सबै)।

**विषय: आयोगको निर्णय पठाइएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस आयोगको मिति २०८०।०५।२७ गते बसेको बैठकले भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्णय प्रकृया अघि बढाउने सन्दर्भमा विभिन्न जिल्लाका कतिपय स्थानीय तहहरूमा सरकारी अभिलेख (फिल्डबुक) मा गौचरन, खर्क, कुलो, राजकुलो, बाटो, खलो, खलियान, भीर, पाखो, वन, बुट्यान, खरबारी, कान्ला, इनार, कुवा, ताल, तलैया, खोला, नदी, खेल्सो, खोल्सी, बगर, बालु, बालुवुर्जा, डहर, डहरो, डगर, बजार, हाट, बजार, हात्तिसार, ढुंग्यान, नुनथार, सडक, मसानघाट, कब्रस्थान, चिहान आदि उल्लेख भएका तर हाल ती जग्गाहरू सरकारी अभिलेखमा उल्लेख भएको प्रयोजनमा नरही लामो समयदेखि (कम्तीमा १० वर्षभन्दा अघिदेखि) भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले घर टहरा बनाई बसोबास वा आवाद कमोत गर्दै आएका र आयोगमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची ३ र ४ बमोजिमको फाराम भरेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरूको अनुमानित संख्या र त्यस्तो जग्गाको क्षेत्रफल आँकलन गरी यस आयोगमा सात (७) दिनभित्र पठाउनका लागि स्थानीय तहलाई र आवश्यक सहजीकरणका लागि जिल्ला समितिलाई पत्राचार गर्ने भनी निर्णय गरेको हुँदा निर्णयानुसार गर्नुहुन अनुरोध छ।

०८०।०५।३१

(शालिकराम आचार्य)
उप-सचिव

नेपाल सरकार
# राष्ट्रिय भूमि आयोग

☎ ०१-५३१३९३२
५३१३९३५
५३१३९३६
टोल फ्री नं.: १६६००१३५४४४
वेबसाइट : www.nlc.gov.np
इमेल: info@nlc.gov.np

ताहाचल, काठमाडौं ।

पत्र संख्या :- ०८०/८१
चलानी नं :- १५६

मिति: २०८०।०५।३१

श्री स्थानीय तहहरु,
सबै।
श्री राष्ट्रिय भूमि आयोग,
जिल्ला समिति (सबै)।

विषय: आयोगको निर्णय पठाइएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस आयोगको मिति २०८०।०५।२७ गते बसेको बैठकले भूमिहीन दलित र भूमिहीन
सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्णय
प्रकृया अघि बढाउने सन्दर्भमा विभिन्न जिल्लाका कतिपय स्थानीय तहहरु राष्ट्रिय निकुञ्ज र आरक्षहरुको मध्यवर्ती
क्षेत्र र संरक्षित क्षेत्रमा पर्ने देखिएकोले ती ठाउँमा लामो समयदेखि (कम्तीमा १० वर्षभन्दा अघिदेखि) घर
टहरा बनाई बसोवास वा आवाद कमोत गर्दै आएका र आयोगमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र
अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची ३ र ४ बमोजिमको फाराम
भरेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको अनुमानित संख्या र त्यस्तो जग्गाको
क्षेत्रफल आँकलन गरी यस आयोगमा सात (७) दिनभित्र पठाउनका लागि स्थानीय तहलाई र आवश्यक
सहजीकरणका लागि जिल्ला समितिलाई पत्राचार गर्ने भनी निर्णय गरेको हुँदा निर्णयानुसार गर्नुहुन अनुरोध छ।

८०।०५।३१

(शालिकराम आचार्य)
उप-सचिव